प्रदेश सरकार
प्रदेश नं. ५
# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बुटवल, नेपाल

ईमेल : molmac.butwal@gmail.com
फोन नं. : ०७१-५५००६८

पत्र संख्या :०७५/०७६
चलानी नं. : ६०५

मितिः २०७५/९/५

विषय : आकस्मिक बाली संरक्षण कार्यक्रम स्वीकृत भएको जानकारी सम्बन्धमा ।

श्री कृषि विकास निर्देशनालय,
रुपन्देही ।

दर्ता नं. ९९
मिति ०७५।९।६

उपरोक्त सम्बन्धमा तहाँ कार्यालयबाट निर्माण भई आएको आकस्मिक बाली संरक्षण कार्यक्रम सञ्चालन कार्यविधि, २०७५लाई यस मन्त्रालयको मन्त्रिस्तरीय निर्णयबाट मिति २०७५/९/५ गतेका दिन स्वीकृती प्राप्त भएकोले सोको कार्यान्वयन गर्न गराउनुहुनको लागि अनुरोध छ ।साथै, उक्त कार्यविधिको प्रमाणित प्रतिलिपी यसैसाथ संलग्न रहेको जानकारी गराईन्छ ।

(याम नारायण देवकोटा)
सचिव

श्री प्रशासन
दर्ता
२०७५/०९/०६

श्री योजना, कार्यक्रम तथा अनुगमन शाखा
जानकारी एवं आ.का.
२०७५/०९/०८

# आकस्मिक बाली संरक्षण कार्यक्रम संचालन कार्यविधि -२०७५

विभिन्न समयमा जिल्लाहरुमा किरा रोग आदिले हरेक वर्ष वाली नालीमा आक्रमण गरी क्षती पुर्याएका हुन्छन् । समय समयमा यसले प्रकोपकै रुप समेतलिन्छ। यसै सन्दर्भमा *प्रदेश नं ५ प्रदेश सरकार कार्य विभाजन नियमावली २०७४* द्वारा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई कृषिजन्य रोग किरा एवं माहामारी नियन्त्रणको कार्य जिम्मेवारी तोकिएकोमा प्रदेश नं ५ मा आकस्मिक बाली संरक्षण सेवा उपलब्ध गराउने व्यवस्था मिलाउन यो कार्यविधि तयार गरिएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

**१ संक्षिप्तनामरप्रारम्भ:**

(क) यो कार्यविधिको नामः आकस्मिक बाली संरक्षण कार्यक्रम संचालन कार्यविधि-२०७५ हुनेछ।

(ख) यो कार्यविधि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं ५बाट स्विकृत भएको मितिदेखि लागुहुनेछ।

**२.परिभाषा :**

(क) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं ५ जनाउँदछ ।

(ख) "निर्देशनालय" भन्नाले मन्त्रालय अन्तर्गतको प्रदेश कृषि विकास निर्देशनालय जनाउँदछ ।

(ग) "सम्बन्धित कार्यालय" भन्नाले कार्यक्रम संचालनको अख्तियारीप्राप्त प्रदेश कृषि विकास निर्देशनालय , बाली संरक्षण प्रयोगशाला र कृषि ज्ञान केन्द्र जनाउँदछ ।

(घ) "कृषक" भन्नाले कृषि सम्बन्धि गतिविधिमा संलग्न व्यक्ति तथा व्यक्तिहरुलाई सम्झनु पर्दछ।

(ङ) "कृषक समूह" भन्नाले सरकारी निकायमा दर्ता भएका कृषकहरुको समूहलाई सम्झनुपर्दछ।

(च) "कृषक सहकारी" भन्नाले सहकारी ऐन अनुसार गठन भई सम्बन्धित निकायमा दर्ता गरिएको कृषि सहकारी संस्थालाई सम्झनुपर्दछ।

(छ) "आकस्मिक बाली संरक्षण कार्यक्रम" भन्नाले बाली नाली आदिमा आकस्मिक रोग किरा एवं माहामारी नियन्त्रणको लागि कृषक, कृषक समूह तथा कृषक सहकारीलाई उपलब्ध गराइने विषादी, स्प्रेयर, डस्टर, आदि सम्झनुपर्दछ।

**३.उद्देश्य:** यस कार्यविधिको उद्देश्य जिल्लाहरुमा आकस्मिक रोग किराको एवं माहामारी तथा प्रकोपबाट क्षति कम गर्न कृषक,कृषक समूह तथा कृषक सहकारीलाई सहयोग पुर्याउनु रहेको छ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं ५
बुटवल, नेपाल

## परिच्छेद-२

## आकस्मिक बाली संरक्षण कार्यक्रम संचालन प्रकृया

४.आकस्मिक बाली संरक्षण कार्यक्रम संचालन प्रकृया देहाय वमोजिम रहने छ :

(क) निर्देशनालय तथा सम्बन्धित कार्यालयमा आकस्मिक बाली संरक्षण कार्यक्रम सन्चालनार्थ बजेट विनियोजन गरिनेछ। प्रदेश भित्रका जिल्लाहरुबाट प्रकोप सम्बन्धी सूचना र मागको अधारमा बाली संरक्षण विषादी अथवा सामग्री वा दुवै खरिद गरी उपलब्ध गराउन सकिनेछ ।

(ख) बालीनालीमा अनपेक्षित रुपमा रोग किराको आक्रमण भई सम्बन्धित कार्यालयले छोटो अवधिमा ठूलो क्षति हुने सम्भावना निक्यौंल गरि प्रकोप ठहर गरेमा आकस्मिक बाली संरक्षण कार्यक्रम संचालन गर्नुपर्नेछ ।

(ग) रोग किराको प्रकोप भएको अवस्थामा सम्वन्धित कार्यालयले थप सहयोगको आवश्यकता ठहर गरेमा निर्देशनालयलाई प्रकोपको विवरणसहित नियन्त्रणकोलागी सम्बन्धित कार्यालयले अनुरोध गर्नुपर्दछ ।

(घ) यसरी अनुरोध गर्दा विषादी, स्प्रेयर, डस्टर, आदि के कति अवश्यक परेको हो सो को माग गरी प्रकोप नियन्त्रण गर्न स्थानिय निकाय एवं कृषक समूह तथा कृषक सहकारी समेत परिचालन गराउन तयार गर्नुपर्नेछ।

(ङ) सम्बन्धित कार्यालयद्वारा माग भए बमोजिम प्रकोपको नियन्त्रण गर्न निर्देशनालयले स्वीकृत बजेटवाट आवश्यक व्यवस्था मिलाउनेछ ।

(च) निर्देशनालयको स्वीकृत वजेटले समेत सम्स्याको समाधान नभएमा निर्देशनालयले तालुक निकायको सहयोग आवश्यक रहेको निक्यौल गरेमा मागलाई आधार मानी तालुक निकायमा थप सहयोगको लागी अनुरोध गर्नेछ ।

(छ) आकस्मिक बाली संरक्षण कार्यक्रम संचालनार्थ प्रयोग हुने विषादीहरु पंजिकृत तथा विषादी उत्पादन र खपत गरिसक्नुपर्ने मिति, ब्याच नम्बर, तौल साथै पर्खनुपर्ने समय, रसायनिक मिश्रण, प्रयोग गर्नुपर्ने तरिका, असरहरुको बारेमा प्रष्टरुपमा देखिने गरि सुरक्षित रुपमा प्याकेजिङ्ग गरेको हुनु पर्दछ।

(ज) कृषक, कृषक समूह तथा कृषक सहकारीहरुलाई विषादी निशुल्क उपलब्ध गराईनेछ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
प्रदेश नं ५
बुटवल, नेपाल

## परिच्छेद - ३
## विविध

**५.अनुगमन तथा मूल्याङ्कन सम्बन्धि व्यवस्थाः**

प्रदेश सरकार प्रदेश नं ५ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कृषि विकास निर्देशनालय,कृषि ज्ञान केन्द्रहरुबाट नियमित अनुगमन गरिनेछ ।

**६.कारवाहीको व्यवस्थाः**

निशुल्क उपलब्ध गराइएका विषादीहरु कृषक, कृषक समूहतथा कृषक सहकारीद्वारा जुन प्रयोजनका लागि उपलब्ध गराइएको हो सो प्रयोजनका लागि प्रयोग नगरी अन्य प्रयोजनका लागि गरेमा वा दुरुप्रयोग गरेमा त्यस विषादीको रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

**७.प्रचलित कानुन लागु हुनेः**

कार्यक्रम कार्यान्वयनको सम्बन्धमा प्रचलित कानुनमा उल्लेख भएकोमा सोही बमोजिम तथा उल्लेख नभएको कार्यक्रमको हकमा यसै कार्यविधि बमोजिम कार्यान्वयन हुनेछ ।

**८.गुनासो तथा उजुरी सुन्न सक्नेः**

कार्यक्रम सम्बन्धमा पर्न आएका उजुरी भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय/कृषि निर्देशनालय र कृषि ज्ञान केन्द्रले सुन्नुपर्नेछ।

**९.कार्यविधि संशोधन ,परिमार्जन तथा खारेजी :**

प्रदेश सरकार प्रदेश नं ५ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले यस कार्यविधिमा आवश्यक परिमार्जन, संशोधन एवम् खारेजी गर्न सक्नेछ ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
प्रदेश नं ५
बुटवल, नेपाल